# नेपालमा दासप्रथा मोचनका प्रयास र सफलता

—दिलबहादुर क्षत्री

व्यक्ति वा समूहद्वारा आफ्नो व्यक्तिगत अमन-चैन एवं सुख सुविधाको उद्देश्यले बलजफ्ती कामगर्न लगाइने अवस्थालाई (तत्कालीन सामाजिक स्वीकृति प्राप्त) नै दासप्रथा भनिन्छ । अर्को शब्दमा दासप्रथा भन्नाले मानिसलाई पशु सरह खरीद बिक्री गर्ने एक अमानवीय प्रचलन मानिन्छ ।

दासप्रथाको शुरुआततर्फ दृष्टि दिंदा दासप्रथा खास यही समयदेखि शुरु भयो भन्ने तिथि-मिति किटानसाथ कुनै पनि इतिहासकारले भन्न सकेको पाइँदैन । यसको मतलव दासप्रथाबारे अनुमान नगरिएको होइन । इतिहासकार जे. एच. हारिसले आफ्नो कृति Slavery or Secord Trust मा व्यक्तिगत सुविधाको उद्देश्यले प्राचीनकालदेखि नै दासप्रथा शुरु भएको बताउनु भएको छ ।[1] वास्तवमा दासप्रथाको शुरुआत त्यसै समयदेखि भयो जब मानिस सम्पन्न र विपन्न, बलिया र निर्धन, विजयी र पराजित आदिमा विभक्त भए । सम्पन्न बलिया र विजयीले गरीब, निर्धा र असहायलाई आफ्नो व्यक्तिगत स्वार्थसिद्धिको लागि नोकर बनाए । दास प्रथाको बढी मात्रामा प्रचलन मानिस जंगली जीवन पार गरी कृषि युगमा प्रवेश गरेपछि नै भएको पाइन्छ । दासप्रथाले संसारभरि व्यापक रूप लिएपनि यसको मुख्यतया केन्द्रबिन्दु एशियाली देशहरू नै मानिएका छन् । दासप्रथाले नेपालमा पनि जरो नगाडेको होइन । नेपालमा लिच्छविकालमा पनि सामान्य रूपमा दासप्रथाको प्रचलन रहेको कुरा लिच्छविकालीन अभिलेखबाट प्रष्ट हुन्छ ।[2] मल्लकालमा पनि दास प्रथा सामान्य रूपमा प्रचलित रहेको पाइन्छ ।[3] यसरी लिच्छविकालदेखि नै प्रचलनमा रहेको यो प्रथा नेपालमा आधुनिककालको केही समयसम्म रहिरह्यो ।

नेपालमा दासदासी तथा बाँधा प्रचलनमा आउने मुख्य कारणहरू निम्न मानिन्छन् ।[4]

(१) साहुको ऋण तिर्न नसकी आफू र आफ्नो सन्तान बिक्री गर्ने चलन हुनु ।

(२) सरकारी कर तिर्न नसक्नु ।

(३) १२ वर्षभन्दा बढी उमेरका विद्रोही तथा शत्रु एवं युद्धबन्दीलाई दास बनाउने प्रचलन हुनु ।

(४) बाहुन क्षत्री बाहेक अन्य कुनै जातका पुरुषले माथिल्लो जातिका महिलासंग यौन सम्पर्क राख्नु ।

(५) युद्धमा पठाइएको सेनाले आफ्नो काम पूरा नगर्नु ।

नेपालमा विभिन्न समयमा दासदासीको संख्या कति थियो, विस्तृत उल्लेख एवं जानकारी पाइएको छैन । इतिहासकार डेनियल राइटले आफ्नो कृति History of Nepal मा दासको संख्या २० देखि ३० हजारसम्म थियो भनी उल्लेख गर्नु भएको छ ।[5] सन् १९२३ को जनगणना अनुसार नेपालमा दास दासीको संख्या ५१९८७२ थियो जुन देशको कूल संख्याको १ प्रतिशतभन्दा कम थियो । यसबाट के प्रष्ट हुन्छ भने नेपालमा दासप्रथा प्रचलित भए तापनि कूल जनसंख्याको आधारमा न्यून नै थियो ।

यस लेखको मुख्य उद्देश्य नेपालमा तत्काल विद्यमान दासप्रथालाई उन्मूलन गर्न गरिएका प्रयासहरू र सफलता नै भएकाले सोतर्फ नै दृष्टि दिनु उचित

होला। यहाँ पनि दासप्रथा उन्मूलनमा मित्रराष्ट्रहरूमा आएको परिवर्तनको प्रभाव परेको पाइन्छ।

बेलायतमा स्वतन्त्रता, समानता जस्ता विचारको विकासले सबै मानवको मूल्य बराबर छ भन्ने मानवतावादी धारणाको प्रचार र त्यसको प्रभाव स्वरूप १९ औं शताब्दिको प्रथम दशकमा दासप्रथा अन्त्यको घोषणा र सन् १८८३ को कानून अनुसार नेपालको छिमेकी मुलुक भारतमा दासप्रथा अवैध घोषित हुनुको साथै सन् १८६१ मा रूसी जार अलेक जेन्डर द्वितीयले रूसमा विद्यमान दासप्रथा अन्त्यको घोषणाले पनि विश्व रंगमञ्चमा आएको मानवतावादी लहरले नेपाललाई पनि प्रभावित पार्नु स्वाभाविकै थियो। फलतः नेपालमा पनि विद्यमान दास–दासीप्रथा अमानवीय सोचिनुका साथै त्यसको उन्मूलन गर्न अत्यावश्यक महसूस भई त्यस सम्बन्धी प्रयास एवं अभियान शुरु गरेको पाइन्छ।

नेपालमा प्राचीनकालदेखि विद्यमान र क्रमिक रूपमा बढ्दै गएको दासप्रथा मोचन गर्ने प्रयासका अग्रगामी व्यक्तित्वको रूपमा नेपालका राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहलाई मानिन्छ।[6]

दासमोचनको सन्दर्भमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले सन् १७६८ मा काठमाडौं उपत्यका अन्तर्गत पर्ने लुटि गाउँ निवासी एक नेवारलाई मुक्त गरेका थिए। साथै उनले आफ्नो शासनकालको अन्तिम वर्षहरूमा राजदरबार र भारदारहरूको कमारा–कमारीहरूलाई दासत्वबाट मुक्त गरिदिनुका साथै मुक्त योग्य व्यक्तिहरूलाई सेनामा भर्ना गरी सेवा गर्ने अवसर दिलाइएको पाइन्छ।[7] यसको साथै सन् १७७३ मा एक आदेश जारी गरी सल्यानको सात गाउँका दनुवार साहूले ऋणीका छोराछोरीलाई बनाउँदै आएका दासप्रथा चलनलाई बन्द गर्ने आदेश दिएको उल्लेख पाइन्छ[8] यसरी नेपालका राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहले तत्कालीन समाजमा विद्यमान दासप्रथा जस्तो अमानवीय प्रथालाई मोचन गरी एक सभ्य एवं मानवीय समाजको निर्माणमा जुन प्रयास गरे त्यो अवश्य सकारात्मक पक्ष मानिन्छ। तर ऐतिहासिक दृष्टिले हेर्दा पृथ्वीनारायण शाहको दासप्रथा मोचनमा गरेको प्रयास एवं चालिएको कदम कतिको प्रभावकारी रह्यो, त्यसतर्फ पनि दृष्टि दिनु अत्यावश्यक हुन्छ। पृथ्वीनारायण शाहले सन् १७६८ मा लुटि गाउँको एक नेवार–लाई मुक्त गरे। त्यो एउटै व्यक्तिको मुक्ति थियो र जहाँसम्म सन् १७७३ को सल्यानको सात गाउँको दनुवार जातिमा प्रचलित दास–दासी बनाउने प्रचलनमा रोक लगाइएको थियो, त्यो जाति खासगरी परम्परागत चलनको अन्त्य थियो र तेस्रो पृथ्वीनारायण शाहले आफ्नो अन्तिम जीवनकालमा उनका दासलाई मुक्त गरी सेनामा सेवा गर्ने मौका दिए। त्यो कार्य पृथ्वीनारायण शाहको आफ्नै इच्छा अनुसार भएको थियो। फलतः छोटकरीमा के भन्न सकिन्छ भने श्री ५ पृथ्वीनारायण शाहले दासप्रथा मोचनमा जतिपनि प्रयास गरे त्यो सह्राहनीय एवं त्यत्तिकै महत्वपूर्ण योगदान मान्नु पर्दछ। तर यसले व्यापक रूपमा धेरै दास–दासी मोचनमा टेवा पुऱ्याउन सकेन। कारण यो कार्य व्यक्ति र जाति विशेषमा आधारित थियो। पृथ्वीनारायण शाहपछि दासमोचनमा सक्रियता र लगनशीलताका साथ प्रयास गर्नेहरूमा रण–बहादुर शाह, भीमसेन थापा हुन्। १७९३ मा रणबहादुर शाहले डोटीका स्थानीय अधिकारीहरूलाई "भागेर गएका दास-दासीहरूलाई बलजफत मालिकको घर-मा फिर्ता नपठाउनु" भन्ने आदेश पठाएका थिए।[9] साथै सन् १८०१ ई मा ब्राह्मण र रजपूतलाई दास बनाउन नपाउने र अन्य जातिलाई पनि सम्बन्धित व्यक्तिको खुशी-राजी बाहेक दास-दासी बनाउन नपाउने आदेश जारी गरेका थिए।[10] दास–दासी मोचनको सन्दर्भमा सन् १८०९ मा भीमसेन थापाको समयमा पनि आदेश जारी भएको पाइन्छ।[11] उक्त लालमोहर (आदेश) बमोजिम देशमा चारै वर्णलाई आफ्नो छोराछोरी भोटे तथा मुसलमानहरूलाई बेच्न नदिनु भन्ने कुरा उल्लेख हुनुको साथै दास र दासी खरीद गर्ने भारतीय व्यापारीको माल लुटी भगाई दिनु र यदि कसैले छोराछोरी बेच्दछ भने तत्कालै सजायँ दिनु भन्ने स्थानीय प्रशासनलाई आदेश दिइएको थियो। भीमसेन थापाकै समयमा जारी भएको सन् १८३६ ई. को अर्को आदेश अनुसार प्यूठान क्षेत्रका मगर जातिले आफ्नो छोराछोरी दासको रूपमा बेचबिखन गर्न नपाउने व्यवस्था गऱ्यो।[12] यसरी भीमसेन थापाले पनि विशेष गरी स्थानविशेष र जाति (मगर) विशेष भएपनि दासदासी राख्न प्रतिबन्ध लगाएर केही मात्रामा दासप्रथा उन्मूलनमा टेवा पुऱ्याएको स्वीकार्नै पर्छ।

यसरी नेपालमा विद्यमान दासप्रथालाई उन्मूलन गर्ने तर्फ श्री ५ पृथ्वीनारायण शाहदेखि भीमसेन थापाको समयसम्म चालिएका कदमले फाटफुट मात्रामा मात्र दासहरू मुक्त भएको पाइन्छ भने अर्को तर्फ जहाँ जनता सक्रिय र चेतनशील छैनन् त्यहाँ नयाँ नयाँ तरीकाले दास–दासी बनाउने प्रचलनको वृद्धि भएको पाइन्छ । छोटो शब्दमा अहिलेसम्मको प्रयासले खास त्यस्ता ठूलो परिमाणमा सफलता प्राप्त गर्न सकेन । दासप्रथा मोचनमा अझ बढी सक्रियता राणाशासन शुरुआत भएपछि देखिन्छ । कारण राणाहरूमा पहिला राणा प्रधानमन्त्री जङ्गबहादुरले नेपालमा प्रथम पटक मुलुकी ऐन बनाए । वास्तवमा यसलाई ठूलो उपलब्धि मानिन्छ । कारण यस ऐनमा तत्कालीन समाजमा कुरीतिको रूपमा विद्यमान दासप्रथासम्बन्धी व्यवस्था अन्तर्गत नेपालका सम्पूर्ण जातिलाई समेट्यो । साथै यस्ता कानूनमा राष्ट्रव्यापी रूपमा हेरिने व्यवस्था भएकोले दासप्रथालाई पनि राष्ट्रव्यापी रूपमा हेर्न एवं सोच्न थालियो । फलतः यतिवेला आएर सुषुप्त अवस्थामा रहेको दासमोचन प्रयासले तीव्र एवं सशक्त रूप लिन पुग्यो । जंगबहादुरद्वारा निर्मित उक्त ऐनमा दासप्रथा मोचनसम्बन्धी निम्न व्यवस्था भएको पाइन्छ ।[13]

(क) कुनैपनि स्वतन्त्र व्यक्ति दासको रूपमा बेचिन नपाउने ।

(ख) विशेषगरी दासहरू बाहेक अन्य सम्पूर्ण जातिका बाबुआमाले छोराछोरीलाई दासको रूपमा बेच्न र आफूहरू पनि स्वेच्छाले समेत बेचिन नपाउने भयो ।

(ग) पानी चल्ने माथिल्लो जातले अपराध गरेमा पनि निजले दास बन्नुको सट्टा अपराध अनुसार सजायँको व्यवस्था भयो ।

(घ) कुनैपनि दास जुन आफ्नो मालिकको घरबाट भागी मुगलान गई बसी पुनः उही पहिलेकै मालिकको घरमा नआई मोरङ र सुर्खेतमा गई बसोबास गर्न चाहेमा ऊ दास बन्न नपर्ने व्यवस्था कायम गरियो ।[14] यसको साथै उक्त ऐनमा तागाधारीलाई दास बनाई बेच्नेलाई रू ७२०। , नमासिन्या जातिलाई दास बनाई बेच्नेलाई रू ४५०। र मासिन्या जातिलाई उसको स्वीकृति विपरीत दास बनाउनेलाई रू ३६०।– जरीवाना गर्ने व्यवस्था समेत भएकोले दास प्रथा मोचनमा टेवा मिल्ने भयो ।

तल्लो जातिका मानिसले माथिल्लो जातिका मानिसलाई भात पानी ख्वाए तापनि उसलाई दण्ड स्वरूप दास बनाइने छैन भन्ने घोषणा पनि गरेका थिए ।[15]

उपर्युक्त विविध उपाय र दण्ड सजायँको समेत व्यवस्थाले जंगबहादुरले दासप्रथा मोचनमा सक्रिय भूमिका खेल्नुका साथै उक्त कदमले दास प्रथालाई अवश्य नै घटायो । तर यस कदमले जंगबहादुरको आकांक्षानुरूप दास मोचनमा सफलता मिलेन जसका प्रमुख कारण निम्न थिए –

(१) जंगबहादुरको आफ्नै व्यक्तिगत कारणः– जंगबहादुरले ऐनमा सर्वसाधारण सम्पन्न सबैको लागि दास राख्न निष्क्रिय गराए तर दरबारमा आफ्नो लागि दासदासीको संख्या बढाउँदै गए जसले गर्दा दासप्रथा उन्मूलनको उद्देश्यले निर्मित कानून निष्क्रिय बन्न पुग्यो ।

(२) उक्त ऐनमा पुराना दास–दासीहरूको व्याख्या नहुनु र भागी मुगलान पसी फर्केर स्वतन्त्र बस्न सुर्खेत र मोरङ्ग जिल्ला तोकिएको भए तापनि उपर्युक्त दुवै ठाउँ स्वास्थ्यको दृष्टिले ज्यादै गर्मी, औलोयुक्त क्षेत्र भएकोले पनि दास–दासीहरू उक्त निर्दिष्ट स्थानमा गई बसोबास गर्न मन पराएनन् ।

जंगबहादुरपछि देवशम्शेरको समयसम्म दासप्रथा मोचनबारे खास त्यस्तो महत्वपूर्ण कार्य भएन । देवशम्शेरले आफ्नो ३ महीनाको छोटो शासन अवधिभित्रै पनि दासप्रथा हटाउने उद्देश्यले एक क्रान्तिकारी आदेश जाहेर गरेका थिए । उक्त आदेश अनुसार क्षेत्रको हिसाबले कास्की र लमजुङ्गका दासदासी मुक्त गर्ने उद्देश्यले त्यहाँ विद्यमान दासदासीको लगत लिन कर्मचारी खटाइए तापनि त्यहाँका सामन्तले खुल्लारूपमा विद्रोह गरेकाले कर्मचारीलाई सुरक्षित फर्काउन काठमाडौंबाट सेना समेत खटाउनु परेको थियो ।[16] जहाँ सम्म संख्याको प्रश्न छ, देशको सबै भागलाई नसमेटी केवल कास्की र लमजुङ्ग मात्र तोकिएकोले संख्याको दृष्टिले दास–दासी मोचनमा खास त्यस्तो संख्या घट्ने कुरा पनि थिएन । देवशम्शेरले आफ्नो दासमोचन प्रयासलाई सफल पार्न खास ठाउँ विशेष नतोकी सम्पूर्ण

देशभरि नै लागू हुने गरी दासमोचनको आदेश जारी गर्नु पर्ने थियो । केवल कास्की र लमजुङ्गलाई मात्र आदेश जारी भएकोले उनको आदेश प्रभावकारी भएन । तर देवशम्शेरको दासमोचन कार्यमा सफल नभए तापनि यस कुरीतिपूर्ण प्रथा हटाउने उनको प्रयास सह्राहनीय मान्नु पर्छ ।

दासप्रथा मोचनको सफलताको माला चन्द्र शम्शेरलाई मिल्दछ । २६ जून सन १९०१ मा तत्कालीन प्रधानमन्त्री देवशम्शेरलाई पदच्यूत गरी सत्ता (प्रधान मन्त्री तथा श्री ३) मा आउन सफल चन्द्रशम्शेरले दासप्रथा मोचनमा विगतका प्रयासहरू त्यस प्रतिको सकारात्मक तथा नकारात्मक दुवै पक्षको राम्रो अध्ययन र अनुभव गरेका थिए ।[17] चन्द्रशम्शेर प्रधानमन्त्री तथा श्री ३ भएपछि सन् १९०८ मा वेलायतको यात्रा गरे ।[18] चन्द्रशम्शेरलाई नेपाली समाजमा विद्यमान दासदासीहरूलाई मुक्त गर्ने सन्दर्भमा अझ ठूलो प्रेरणा र उत्साह बेलायतयात्राले मिलेको थियो भन्नुमा अत्युक्ति नहोला । कारण त्यस बेला बेलायतमा दासप्रथाको अन्त्य भैसकेको थियो । अर्को तर्फ प्रथम विश्वयुद्धपछि विश्वशान्ति र मानवताको निमित्त राष्ट्रसंघको स्थापना भईसकेको थियो । राष्ट्रसंघले तत्काल विद्यमान देशहरूको दासदासीलाई दृष्टिगत गर्दै दासदासी जस्तो अमानवीय प्रथा मोचनसम्बन्धी अनेकौं दफाहरू आपनो विधेयकमा समावेश गरेको थियो ।[19] यसको साथै राष्ट्रसंघले दासप्रथा मोचनमा सक्रिय र प्रभावकारी कदम चाल्न सन् १९२३ मा Slave Commission समेत गठन गरेको थियो ।[20] यसरी राष्ट्रसंघले समेत दासप्रथा मोचनमा कदम चाल्न अत्यावश्यक महसूस गरेकोले पनि चन्द्रशम्शेरलाई यस कार्यमे प्रभाव पार्‍यो ।

वास्तवमा League of Nations ले दासत्व मोचन गर्नुभन्दा पहिले नै नेपालमा चन्द्रशम्शेरले दासप्रथा मोचन गरिसकेका थिए । त्यस कुराको ज्वलन्त उदाहरण सन् १९२५ फरवरीमा वृटिश लिगेसनका एच विल्कसनले महाराजा चन्द्रशम्शेरलाई दासत्वमोचनबारे League of Nations मा नेपालको प्रतिनिधित्व गर्ने सन्दर्भमा लेखिएको पत्रको उत्तरमा तत्कालीन मुख्तियार भीमशम्शेर एवं विश्वस्त सल्लाहकार हेमराज पाण्डेको नेपालमा दासप्रथा मोचन भैसकेकोले League of Nations मा दासप्रथा मोचनबारे प्रतिनिधित्व गर्नु पर्ने आवश्यकता नभएको रायलाई दृष्टिगत गर्दै चन्द्रशम्शेरले एच विल्कसनलाई पठाएको पत्रमा धन्यवाद ज्ञापन गर्दै "अहिले हामीलाई निम्तो नआएपनि हुन्छ" भन्ने जवाफ बाट प्रष्ट हुन्छ ।

चन्द्रशम्शेरले दासप्रथा मोचनमा क्रमिक रूपले कदम चालेका थिए । दासप्रथा मोचनको सन्दर्भलाई लिएर सन् १९०६ मा एक कानून बनाए जसमा,

(१) कसैले पनि आफूलाई बेच्न र कुनैपनि स्वतन्त्र व्यक्ति दास बन्न नपाइने व्यवस्थाको उल्लेख थियो ।

(२) उक्त कानूनमा एक दासको मूल्य निर्धारित हुनुको साथै कुनै दासले निर्धारित रकम तिरेमा मुक्त हुन सक्ने व्यवस्थाको अलावा दासको कुनै आफन्तले समेत निर्धारित रकम तिरी मुक्त गराउन सक्ने व्यवस्था भयो ।

(३) सोही कानून अनुसार सरकारी दासहरू (जो सरकारी कर, युद्धमा कर्तव्य पालन नगरी अर्को शब्दमा सरकारको निर्धारित नियम उल्लंघन गरेवापत भएका थिए) सबैलाई मुक्त गरियो । उक्त कानूनले पनि केही हदसम्म दासदासीको संख्या घटाउन सक्यो ।

यसरी सन् १९०६ पछि एकैचोटि सन् १९२१ मा दासदासीहरूलाई नयाँ अधिकारहरू प्रदान गरिए ।[22] जस्तै:-

(१) कुनै पनि दासदासीले व्यक्तिगत सम्पत्ति आर्जन गर्न सक्ने व्यवस्था ।

(२) पैत्रिक सम्पत्तिको हकको व्यवस्था ।

साथै सोही कानून (१९२१) मा दासमोचनको निम्न व्यवस्था गरे ।[23] जसमा:-

(१) भारत गई ३ वर्ष बिताई फर्केका दासदासीले सो अवधिको आपनो कमाई मालिकलाई बुझाएमा,

(२) यदि कुनै दास भागी भारत (विदेश) गई १० वर्षसम्म भारतमै बसी फर्कन चाहने दासदासी स्वतन्त्र हुन सक्ने व्यवस्थाको साथै उक्त कानूनमा दासदासीहरूलाई मुक्ति गराई स्वतन्त्र रूपले रहन निम्न ठाउँ तोकियो । [२४]

(क) चितवन

(ख) मोरङ्ग

(ग) नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कंचनपुर)

दासहरू स्वतन्त्र रूपले बस्न सक्ने भनी तोकिएका उपर्युक्त ठाउँहरू स्वास्थ्यको दृष्टिले औलो प्रभावित एवं हानिकारक भए तापनि सदा अर्काको कब्जामा रहनु भन्दा स्वतन्त्ररूपले रहन सक्ने व्यवस्था दासदासीको लागि सकारात्मक कदम मान्नु पर्दछ । तैपनि सन् १९२१ सम्म जति पनि कानूनहरू दासमोचनको उद्देश्यले बनाइए ती त्यति व्यावहारिक हुन सकेनन् । यति बेला आएर सरकार नै तत्कालीन समाजमा विद्यमान दासमोचनमा स्वयं संलग्न हुनु नितान्त आवश्यक महसूस गरी चन्द्रशम्शेरले पहिलो पटक सन् १९२० मा दासदासीको जनगणना लिए तापनि त्यो संख्या त्यति भरपर्दो नभएकोले पुनः सन् १९२३ को गणनालाई नै आधार मानियो जस अनुरूपः–

कूल जनसंख्या ५५,७३,७८८, दासमालिकको संख्या १५,७१९, दासहरूको संख्या ५१,५१९ छ । यसबाट कूल जनसंख्याको करीब १ प्रतिशत मात्र दास मालिक भएको बुझिन्छ । साथै दासको संख्या पनि नगण्य नै थियो । अतः दासमोचन अभियान चलाउँदा तत्कालीन समाजमा खास त्यस्तो प्रतिकूल असर नपर्ने कुरा दास मालिक एवं तत्कालीन जनसंख्या र दासदासीको संख्याले स्वतः स्पष्ट पार्‍यो । फलतः यसैलाई आधार मानेर नै चन्द्रशम्शेरले दासमोचनमा अझ सक्रिय भूमिका खेले । तैपनि चन्द्रशम्शेरले तत्कालीन जनभावना बुझ्न दासप्रथा सम्बन्धी कार्यको लागि जनतासंग अपील गर्ने निर्णय गरे । यसबाट के बुझिन्छ भने चन्द्रशम्शेर जस्ता प्रबल शासकले पनि यो महसूस गरेका थिए कि कानूनी तवरले मात्र दासप्रथा मोचन हुन नसक्ने रहेछ । फलतः २८ नवेम्बर १९२४ मा राष्ट्रपिता श्री ५ त्रिभुवन समेत ५०–६० हजार जति मानिस उपस्थित सभामा (दासप्रथा अन्त्यको अनिवार्यता सम्बन्धी जनता एवं भारदारहरूलाई बोध गराउन) लगभग ३ घण्टासम्म ऐतिहासिक भाषण दिए । करीब २० हजार जति शब्दहरूबाट निर्मित भाषण पण्डित हेमराजलाई पढ्न लगाइएको थियो । [२५] उक्त भाषणमा दासप्रथा सन्दर्भमा निम्न कुरा समावेश गरिएको थियो ।

(१) दासप्रथा मानवतावादी दृष्टिले अमानवीय ठानिन्छ ।

(२) धार्मिक दृष्टिले पनि अधार्मिक मानिन्छ ।

(३) सामाजिक दृष्टिले पनि असामाजिक मानिन्छ ।

(४) आर्थिक दृष्टिले पनि यो प्रथा ज्यादै नीच मानिन्छ ।

उक्त भाषणमा दासप्रथा मोचन गर्न निम्न तीन प्रस्तावहरू राखिएका थिए । [२६]

१) सबैको सल्लाहनुसार दासदासी मुक्त गर्न भरसक नजिकको मिति तोक्ने र दास र दासी मालिकको समानस्तर कायम गर्न आवश्यक नियम बनाउने ।
२) दासदासी मुक्त गर्दा मालिकलाई पर्न आउने घाटाको पूर्ति सरकारद्वारा गर्ने व्यवस्था मिलाउने ।
३) तोकिएको मितिदेखि स्वतन्त्र हुने सबै दासदासीहरू आ-आफ्नो मालिकको घरमा अरू ७ वर्ष बस्नुपर्ने र मालिकले पनि दासदासीलाई राम्रोसंग खान, लाउन दिने र मानवीयताको आधारमा काम गराउने ।

यसरी उक्त भाषण पछि सन् १९२५ को अप्रील महीनामा अधिराज्यका दासदासी मुक्त गर्ने नियम बनाइयो जस बमोजिम तयार पारिएका मुख्य-मुख्य बुँदाहरू निम्नानुसार थिए ।

१) १९२५ अप्रीलदेखि नेपाल अधिराज्यका दासदासी स्वतन्त्र हुनेछन् ।
२) अब आयन्दा कसैले पनि दासदासी बनाउन पाउने छैन ।
३) विदेशबाट ल्याएर समेत दासदासी खरीद बिक्री गर्न पाइने छैन ।
४) यदि यो कानूनको कसैले उल्लंघन गरेमा, जसले उल्लंघन गर्दछ, उसले ७ वर्ष कैदको सजायँ पाउने छ र यो ७ वर्षपछि मुक्त भै पुनः दास बनाएमा उसले जति पटक दास बनाउँछ त्यसमा २५ प्रतिशत थप

हुँदै जाने प्रक्रियाको एकीन गरिएको थियो।

सन् १९२३ मा लिइएको जनगणनानुसार सन् १९२५ मा आइपुग्दा दाससंख्यामा फरक आएको थियो। कारण दासहरूमध्ये कतिपय मरेको, कतिपय भागेको र कतिपय दास मालिकहरूले आफ्ना दासहरूको संख्या गणना हुन छुटेको भनी दावी गर्न पुगेकोले अन्तिम दास संख्या ५९,८७३ टुंगो लाग्यो जस अनुसार उपर्युक्त दास संख्या मुक्त भए। मुक्त भएका दासदासीको तथ्यांक विवरण निम्न अनुसार थियो।[28] सरकारले क्षतिपूर्ति तिरी मुक्त पारिएका ५१७८२, यतिबेलासम्म मरिसकेका- १९८४, भागी विदेशिएका-१३२४, आफ्नो रकम आफैं तिरी मुक्त भएका ११४ र दास मालिकहरूले स्वेच्छाले र विना पैसाले मुक्त गरेका -६५१ गरी जम्मा ५९८७३ दिए।

यसरी चन्द्रशम्शेरको अविरल एवं दृढ प्रयासले नेपाली समाजमा प्राचीनकालदेखि कलंक एवं कुरीतिको रूपमा विद्यमान दासप्रथा मोचन सफल भयो। यसरी सदाको लागि वैधानिक रूपले मुक्त भएका दासहरूमध्ये करीब एक तिहाईले आफ्नो पुरानै मालिककोमा ज्यालाको रूपमा रहन चाहेकोले सरकारलाई उनीहरूको बसोबासका लागि बन्दोबस्तको झंझट भएन भने अन्य दास दासीलाई स्वतन्त्र कृषकको रूपमा जीवनयापन गर्न भिक्षाखोरी (अमलेखगंज) एरिया तोकियो।[29] यहाँनेर दुउटा प्रश्न उठ्न सक्तछ। वास्तवमा नेपाली समाजमा कुरीतिको रूपमा विद्यमान दासप्रथा मोचनका प्रयासहरू धेरै पहिलेदेखि नै हुँदै आएको भए तापनि चन्द्रशम्शेरको समयमा पुगेर मात्र किन मोचन हुन सक्यो ? यस सन्दर्भमा छोटो र सरल उत्तर छ कि चन्द्रशम्शेरभन्दा पहिले जति पनि प्रयासहरू भए ती सबै त्यति प्रभावकारीको बदला झन् दासदासीहरूको संख्यामा बृद्धि हुन पुग्यो। कारण विगतका प्रयासहरू खास योजनाबद्ध र कानूनी एवं ठोस रूपमा चालिएका थिएनन्। चन्द्रशम्शेरले दासप्रथा समाजको कलंकरूपी कुरीति एवं अमानवीय महसूस गरी सदाको लागि निर्मूल पार्ने उद्देश्यले योजनाबद्ध एवं क्रमिक रूपले कदम चाले जसको फलस्वरूप सदाको लागि दासप्रथा मोचन भयो। त्यसैले चन्द्रशम्शेरको योगदान र सफलतामा दासप्रथा मोचन पनि एक मानिन्छ।

## पाद-टिप्पणी

१. Harish J.H, Slavery or Second trust, William and Narget, 1926, Page 2.
२. बज्राचार्य, लिच्छविकालीन अभिलेख, नेपाल एशियाली अध्ययन संस्थान, त्रि. वि., काठमाडौं: २०३० वि. सं, पृ. ३-५।
३. ऐजन. पृ. ४।
४. Regmi M. C., A Study in Nepalese Economic History, Shree Manjli Publicashing House, New Deihi; 1978, P. 119.
५. Wright Deniel, History of Nepal, Nepal Ahtigualid Book Publisher, Kathmandu: 1972, P. 45.
६. Landon Persceval, Nepal Volume 1&11, Ratna Pustak Bhandar, Kathmandu: 1976, P. 171
७. नेपाली चितरञ्जन, "नेपालमा करियामोचनको इतिहास" नेपाली, नं २०, २०२१ वि. सं., पृ. ३।
८. आचार्य बाबुराम, नेपालको संक्षिप्त वृत्तान्त, प्रमोद शम्शेर र नीरबिक्रम प्यासी, काठमाडौं: २०२२ वि. सं., पृ. १३२।
९. नेपाली चितरञ्जन, पूर्ववत, नं. ७, पृ ५।
१०. Regmi M. C, op. cit. No.4, P. 121.
११. Ibid.
१२. योगी नरहरी नाथ, (सं) इतिहास प्रकाशनमा सन्धिपत्र संग्रह संशोधन मण्डल, काठमाडौं. २०२२. वि. सं, पृ.६८-६९.।
१३. नेपाली चितरञ्जन, भीमसेन थापा र तत्कालीन नेपाल, रत्नपुस्तक भण्डार, काठमाडौं: २०३५ वि. सं., पृ. १४१.।
१४. श्री ५ सुरेन्द्रविक्रम शाहको शासनकालमा बनेको मुलुकी ऐन, श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, २०२२ वि. सं, पृ. ७५२-५३-५४।

१५. Landon P, op. cit, No. 6, Page 164

१६. Ibid

१७. Jahar son, " Slave trade on the Indo-Nepal Boarder in the Ninnteeth century" Kailash, Vol. No. 2, P 163.

१८. नेपाली चितरञ्जन, पूर्ववत नं ७, पृ १४।

१९. दीक्षित कमल, चन्द्रज्योति, जगदम्बा प्रकाशन, ललितपुर: २०४१, वि. सं.,पृ.८५।

२०. ऐजन।

२१. Landon P, op. cit,No. 6, Page 165

२२. दीक्षित कमल, पूर्ववत १९ पृ १२८-१३२।

२३. नेपाली चितरञ्जन, करियामोचन, पृ. ३४।

२४. ऐजन

२५. Landon P, op cit, No. 6, P. 165

२६. Harish J. H, op. cit.No. 1,P.19.

२७. नेपाली चितरञ्जन, करियामोचन, पृ. ५०।

२८. ऐजन ।

२९. Landon P. op. cit No.6, P, 171,